Regd. No.: 392/047/048

महिला पुनर्स्थापना केन्द्र (ओरेक)
Women's Rehabilitation Center (WOREC)

मिति २०८३/०३/१० गते

# बुढानिलकण्ठस्थित भक्ति वेदान्त गुरुकुल (ISKCON) मा भएको बाल यौन दूर्व्यवहार तथा हिंसाको घटनाप्रति गम्भीर ध्यानाकर्षण

बुढानिलकण्ठस्थित भक्ति वेदान्त गुरुकुल (ISKCON) मा बालबालिकामाथि भएको शारीरिक, मानसिक तथा यौन हिंसाको घटनाप्रति महिला पुनर्स्थापना केन्द्र (ओरेक) को गम्भीर ध्यानकर्षण भएको छ।

सञ्चार माध्यममा प्रकाशित समाचारका अनुसार विद्यालयमा अध्ययनरत बालबालिकामाथि सञ्चालकले नै यौन हिंसा र दुर्व्यवहार तथा अत्यन्त अमानवीय शारीरिक तथा मानसिक यातना गरेको आरोप रहेको छ । हाल सम्बन्धित घटनामा प्रहरीले विद्यालयका सञ्चालकलाई पक्राउ गरी अनुसन्धान प्रक्रिया अगाडी बढाएको छ।

बालबालिकामाथि हुने यस्ता जघन्य अपराधका घटनाहरु कुनै नयाँ घटना भने होइनन् । नेपाल प्रहरीको यस आर्थिक वर्ष २०८१/०८२ वर्ष संकलन भएको तथ्यांकलाई हर्ने हो भने पनि दैनिक औसत ६ जना भन्दा बढी महिला तथा बालिकामाथि बलात्कार भएको देखिन्छ। सोही अवधिमा ३५५ भन्दा बढी बाल यौन दुर्व्यवहारसम्बन्धी उजुरीहरू प्रहरीमा दर्ता भएका छन् । यी तथ्यांकले घर, विद्यालय, कार्यस्थल, शैक्षिक संस्था तथा धार्मिक संरचनाहरू लगायत निजी र सार्वजनिक दुवै क्षेत्रहरू बालबालिका तथा महिलाहरुका लागि सुरक्षित छैनन् भन्ने यथार्थलाई थप बलियो बनाएको छ।

यस्ता अपराधहरू केवल व्यक्ति विरुद्धका अपराध मात्र नभई सम्पूर्ण समाज विरुद्धकै अपराध हो । तथापि, जात, वर्ग, धर्म आदिको आडमा यस्ता जघन्य अपराधका घटनाहरूलाई ढाकछोप गर्ने, पीडकलाई संरक्षण गर्ने तथा न्यायिक प्रक्रियालाई कमजोर बनाउने प्रवृत्ति हाल झनै मौलाएको देखिन्छ । यस्तो अवस्थाले प्रभावित बालबालिकाको मनोबिज्ञानमा कस्तो असर पार्ला ? न्यायिक प्रकृया निष्पक्ष र प्रभावित केन्द्रित हुन नसकेका कारण देशमा दण्डहीनता झन् संस्थागत हुँदै गएको छ र नागरिकको न्यायप्रतिको विश्वास कमजोर हुँदै गएको छ।

तसर्थ, बालबालिकामाथि भएको यस निर्मम र जघन्य अपराधको घटनाको निष्पक्ष, स्वतन्त्र रुपमा छानबिन, दोषीमाथि कडा भन्दा कडा कानुनी कारबाहीको सुनिश्चितता तथा पीडित र प्रभावितहरूको सुरक्षा, संरक्षण र न्यायमा पहुँच सुनिश्चितका लागि ओरेक निम्न मागहरू सहित सम्बन्धित निकायहरूको गम्भीर ध्यानाकर्षण गराउँदछ।

- प्रभावित बालबालिकाको बयानलाई प्रमाणका रूपमा स्वीकार गर्दै बालबालिकामैत्री, संवेदनशील र शीघ्र न्यायिक प्रक्रिया सुनिश्चित गरियोस्।

- कुनै पनि संस्थागत, धार्मिक, आर्थिक वा राजनीतिक प्रभावबाट मुक्त भई स्वतन्त्र तथा निष्पक्ष छानबिन प्रक्रिया तत्काल अगाडी बढाइयोस् ।
- पीडित/प्रभावित बालबालिका तथा परिवारलाई सुरक्षा, मनोसामाजिक परामर्श, स्वास्थ्य सेवा र कानुनी सहायता तत्काल उपलब्ध गराइयोस् ।
- अनुसन्धानमा हस्तक्षेप, दबाब, धम्की, प्रमाण नष्ट गर्ने प्रयास वा प्रभाव प्रयोग गर्ने जोसुकैमाथि कडा कानुनी कारबाही सुनिश्चित गरियोस् ।
- धार्मिक तथा शैक्षिक संस्थाहरूमा अनिवार्य बाल संरक्षण नीति लागू गरी नियमित र स्वतन्त्र अनुगमन प्रणाली स्थापना गरियोस् ।
- लैङ्गिक हिंसाका सबै घटनामा पीडित/प्रभावित-केन्द्रित न्याय प्रणाली लागू गर्दै बालबालिकाको सुरक्षा, गोपनीयता, मर्यादा र पुनःस्थापनालाई सर्वोच्च प्राथमिकता दिइयोस् ।

........................

सुनिता मैनाली

कार्यकारी निर्देशक